annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६७ पृष्ठ ८ | काठमाडौं, शनिबार २१ असार २०८२ | आषाढ शुक्लपक्ष दशमी नेपाल संवत् ११४५ | SATURDAY, JULY 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# नमुना माविको एसईईमा ‘नमुनै’ नतिजा

## १८ जनाको ४ जीपीए



एसईईमा एउटै सामुदायिक विद्यालयका १८ जनाको ४ जीपीए ! पत्याउनुहुन्न होला, तर रूपन्देहीको तिलोत्तमास्थित शान्ति नमुना माध्यमिक विद्यालयले अपत्यारिलो नतिजा ल्याएको छ । कतिपय विद्यालयले शून्य नतिजा ल्याएका बेला शान्ति नमुनाले नमुनामूलक नै नतिजा ल्याएको छ । ०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)को परीक्षामा ६ सय ९ जना विद्यार्थी सहभागी थिए । जसमा १८ जनाले चार जीपीए ल्याएर उत्तीर्ण भए । विद्यालय स्थापना भएदेखिकै यो उत्कृष्ट नतिजा हो । सामुदायिक विद्यालयबाट चार जीपीए ल्याएर धेरै विद्यार्थी उत्तीर्ण गराउनेमा शान्ति नमुना देशभरकै पहिलो हो ।



केशरराज क्षेत्री | *बुटवल*

- को रिपोर्ट

समाचार पृष्ठ २

## भित्री पृष्ठ



बसाइँसराइको मौन क्रन्दन

*- पृष्ठ ३*




‘बोरा’ उपन्यासका अन्तर्य

*- पृष्ठ ४*

# रुसबाट तेल किने ५०० प्रतिशत कर

**वासिंटन डीसी** (एजेन्सी) : अमेरिकामा रुसबाट कच्चा तेल खरिद गर्ने देशहरूमाथि ५०० प्रतिशत भन्सार लगाउनेबारे छलफल भइरहेको छ। गत अप्रिलमा रिपब्लिकन नेता तथा सिनेटर लिन्डसे ग्राहमले अमेरिकी कांग्रेसमा यससँग सम्बन्धित कानुन प्रस्ताव गरेका थिए।

अमेरिकी समाचार च्यानल एबीसी न्युजसँग कुरा गर्दै अमेरिकी सिनेटर लिन्डसे ग्राहमले भने, ‘कुनै देशले रुसबाट सामान किन्छ तर युक्रेनलाई सहयोग गर्दैन भने त्यो देशबाट अमेरिका आउने सामानमा ५०० प्रतिशत कर लगाइने छ। भारत र चीनले पुटिनको ७० प्रतिशत तेल किन्छन् र यसले उनको युद्ध मेसिन चलिरहन्छ। मेरो विधेयकलाई अहिलेसम्म ८४ सांसदको समर्थन प्राप्त भएको छ।’ लिन्डसे ग्राहम थप्छन्, ‘यो विधेयकले राष्ट्रपतिलाई भारत, चीन र अन्य देशमा भन्सार लगाउने अधिकार दिनेछ। उनीहरूले पुटिनको युद्ध नीतिलाई समर्थन गर्न बन्द गरून् र वार्ताको टेबलमा ल्याउन सकून्।’

भारतीय विदेशमन्त्री एस.जयशंकरले यसले भारतको हितलाई असर गर्न सक्ने र आफू सिनेटर ग्राहमसँग निरन्तर सम्पर्कमा रहेको बताए। युक्रेनमा रुसको आक्रमणपछि पश्चिमा देशले रुसविरुद्ध कडा प्रतिबन्ध लगाएका छन्। यी प्रतिबन्ध अझै पनि कायम छन्। पश्चिमा देश भारतले पनि रुससँगको व्यापार बन्द गरोस् भन्ने चाहन्थे। तर, युद्धको समयमा भारतको रुससँगको व्यापार झन् बढेको छ। पछिल्ला तीन वर्षमा भारत रुसी तेलको शीर्ष खरिदकर्तामध्ये एक बनेको छ। युद्ध सुरु हुनुभन्दा पहिले भारतको कुल कच्चा तेल आयातमा रुसको हिस्सा दुई प्रतिशतभन्दा कम थियो। यो बढेर करिब ४० प्रतिशत पुगेको छ।

अमेरिकी कांग्रेसमा प्रस्तावित रुस प्रतिबन्ध ऐन-२०२५ लागू गरियो भने रुसी तेल, प्राकृतिक ग्यास, पेट्रोलियम उत्पादन वा युरेनियम खरिद गर्ने देशबाट आयातमा ५०० प्रतिशत भन्सार लगाइने भएको छ। यसको प्रत्यक्ष असर भारत र चीनजस्ता एसियाली देशमा पर्नेछ।

**कर तथा खर्चसम्बन्धी विधेयक पारित**

अमेरिकी संसद्ले राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याएको खर्चसम्बन्धी विधेयक पारित गरेको छ। ट्रम्पको आन्तरिक नीति तथा कार्यक्रमलाई सघाउने विवादास्पद कर तथा खर्चसम्बन्धी विधेयक लामो छलफलपश्चात् तल्लो सदनले बिहीबार पारित गरेको हो।

# आमाको मृत्युपछि तीन छोरीको बिचल्ली

**राजेन्द्र कार्की** | *जाजरकोट*

भेरी नगरपालिका-२ रिसांगकी एक १४ दिने शिशु बिचल्लीमा परेकी छन्। रगतको अभावले आमाको मृत्यु भएपछि नवजात शिशुको बिचल्ली भएको हो।

सुत्केरी भएपछि रगतको अभावले भेरी नगरपालिका-२ रिसांगकी २४ वर्षीया सारदा वलीको मृत्यु भएको थियो। सारदाको १४ दिनअघि जिल्ला अस्पताल जाजरकोटमा रगत अभावमा ज्यान गएको थियो। स्थानीय बिर्खबहादुर कार्कीले भने, ‘भूकम्पले घर भत्किएको छ, ओत लाग्ने बास छैन, छोरीहरू साने छन्। श्रीमान् पनि सुस्तमनस्थितिका जस्ता छन्। आर्थिक अवस्था कमजोर छ। ती बालिका स्याहार्न निकै कठिन छ।’

जेठी छोरी जमुना ६ वर्ष, माइली छोरी सुस्मिता २ वर्ष र भर्खर जन्मिएकी कान्छी छोरी सुनिता १४ दिनकी भइन्। ‘सुनिताको हेरचाह दिदी जमुनाले गरिरहेकी छन्। घरमा खाने अन्न छैन। कामाकाज केही छैन। श्रीमती (जोडा)को काल भैगो अब यी नाबालिका छोरीहरू कसरी स्याहारुँ ?’, श्रीमान् आनन्द वलीले दुखेसो पोख्दै भने, ‘बरु मै अभागीलाई कालले लिएको भए हुन्थ्यो।’ छोराका आसमा अर्को सन्तान जन्माउँदा श्रीमतीको ज्यान नै गुमाउनु परेकामा उनलाई अहिले निकै पछुतो लागेको छ। आर्थिक अभावले गर्दा श्रीमतीले पोषणयुक्त खान पाइनन्, जसले गर्दा उनलाई रक्तअल्पता भयो। रगतको मात्रा निकै कम थियो। शिशुको जन्म त भयो तर रगत अभावमा बचाउन नसकिएको अस्पतालका डा. सुनील पुनले बताए। जिल्ला अस्पतालमा ब्लड बैंक नहुँदा समस्या छ। ब्लड बैंक नहुँदा रक्तदाता भेटिएमा सिधै रगत दिने व्यवस्था छ। तर, रगत दिने दाता खोज्दाखोज्दै उनको ज्यान गयो। ‘बचाउने प्रयास गर्दागर्दै बचाउन सकिएन’, डा. पुनले भने।



१४ दिने नवजात शिशुसहित बिचल्लीमा परेका ३ बालिका। ● राजेन्द्र कार्की

आमाको मृत्यु भएको १३औं दिनको शुद्धि कार्यको दिनसम्म शिशुको हेरचाह गाउँले तथा आफन्तहरूले गरे तापनि आगामी दिनमा लालनपालनको जिम्मेवारी ६ वर्षीया जमुना वलीको थाप्लोमा आइपुगेको छ। ‘बुवा आनन्द पनि सुस्तमनस्थितिका छन्। त्यही भएर छोरीहरूको लालनपालनमा निकै समस्या हुन्छ’, स्थानीय टेकबहादुर रोकायले बताए।

